**मिति २०७९।०३।१० गते बसेको नगरसभाका निर्णयहरू :**

**निर्णय नं.१:** बडीमालिका नगरपालिकाको पहिचानको लागि तपसिल बमोजिमको नारा तय गर्ने निर्णय गरियो ।

**तपसिल** :

“समृद्ध नगर,खुशी नगरबासीको आधार"

"शिक्षा,स्वास्थ्यमा सुधार,पर्यटन प्रवर्द्धन,प्राकृतिक स्रोत तथा कृषिजन्य उत्पादनको व्यापार”

**निर्णय नं.२:** बडीमालिका नगरपालिको नगरसभा सञ्चालन कार्यविधि, २०७४ बमोजिम बडीमालिका नगरपालिकाका प्रमुख एवम्म् सभाअध्यक्ष श्री अमरबहादुर खड्काज्यू बाट ११ औं नगरसभाको अधिवेशनमा प्रस्तुत भएको चालु आर्थिक वर्ष २०७९।८० को वार्षिक नीति, कार्यक्रमसहित विवरणहरू समावेश भएको विनियोजन विधेयकलाई नगरसभा सञ्चालन कार्यविधि, २०७४ को परिच्छेद २ को दफा ३ बमोजिम पारित गर्ने निर्णय गरियो ।

निर्णय नं ३ नगरबासीको आवश्यकता र चाहना पूरा गर्नको लागि सवै बस्ती वडा हुदै नगरमा पेश भएका योजनाहरू कार्यान्वयन गर्न बिगतका योजनाको दायित्वले बजेट अपुग भएकाले प्राप्त योजनाहरूलाई एकीकृत गरी योजना बैंक मार्फत प्राथमिकताका आधारमा नगर प्रदेश तथा संघीय सरकारलाई माग गरी कार्यान्वय गर्ने निर्णय गरियो ।

**तपशिल :**

| **क्र.सं.** | **आयोजनाको नाम** | **आयोजना स्थल** | |
|---|---|---|---|
| १ | बडीमालिका चक्रपथ सडक निर्माण तथा स्तरउन्नती | ८ ,७ , ३ ,२,१, ४, ५ र ६ | |
| २ | ल्याण्डफिल साईट निर्माण | | |
| ३ | रानीवन हरित पार्क | ८ | |
| ४ | बडीमालिका चिडियाखाना | अध्ययन अनुसार | |
| ५ | कालाजग्रा पर्यटनपार्क संङग्रालय निमार्ण | ७ नं. वडा | |
| ६ | वृहत् मार्तडी खानेपानी सुधार योजना | ८ र ९ | |
| ७ | जडाङ्गा कोर्ध सडक स्तरोन्नती | ६ | |
| ८ | जडाङ्गा मना सडक स्तरोन्नती | ५ | |
| ९ | शहरी स्वास्थ्य केन्द्र भवन निर्माण | रापक, ढम्कने र सल्लेना | |
| १० | गौमुल दर्ना देखि सल्लेना पिनालेख माझिगाउँ खा.पा. | १ | |
| ११ | रजातोली बृहत खानेपानी आयोजना | ७ | |
| १२ | खडुका जिल्ली कालिका पदमार्ग | ७ | |
| १३ | खोला निकार तट्बन्धन | २, ८, ६, ४ र ७ | |
| १४ | जोखिम बस्ती | पाटा, जिल्ली, उखाडी र रिला | |
| १५ | विरेखोला, दहडाँडा पर्यटन पूर्वाधार | ६ र ३ | |
| १६ | वडा कार्यालय भवन निर्माण | १ देखि ९ | |
| १७ | विद्यालय भवन निर्माण | ४ , १ र २ | |
| १८ | बजार, ढल तथा सडक निर्माण | ८ र ९ | |
| १९ | एक वडा एक खेल मैदान | सवै वडा | |
| २० | बहुउद्देश्यीय रंगशाला निर्माण | ८ | |
| २१ | बडीमालिका सभाहल निर्माण | नगरपालिका | |
| २२ | CTEVT को आङ्गिक शिक्षालय सञ्चालन | | |
| २३ | बडीमालिका बुढीनन्दा पदमार्ग | ३ र ७ | |

| | | | |
|---|---|---|---|
| २४ | नुवाकोट बृहत ढल निकास | वडा नं.१ | |
| २५ | बुढाखोला हुदै जाल्पादेवी सम्म सडक निर्माण आयोजना | १ | |
| २६ | अमल्स्याडी देखि मैमातोला बस्ती तटबन्धन | १ | |
| २७ | जाल्पादेवी दुनालेख पदमार्ग | १ | |
| २८ | रिला वृहत खानेपानी | वडा नं ४ | |
| २९ | रीला बहुद्देश्यीय सिचाई पोखरी | वडा नं.४ | |
| ३० | रिला सडक स्तरोन्ती | व न पा ४ | |
| ३१ | मना बृहत खानेपानी | व न पा ५ | |
| ३२ | कालीमूल सिचाइ | ब न पा ५ | |
| ३३ | रूघाखोचा तटबन्धन | ब न पा ५ | |
| ३४ | रूघाखोचा खानेपानी आयोजना | व न पा ५ | |
| ३५ | खुर्स्यावाटा लिणेथाम झो पु | ब न पा ६ | |
| ३६ | कोर्ध बृहत सिचाई | बनपा ६ | |
| ३७ | रतुडा आधारभुत स्वास्थ्य केन्द्र | ब न पा ८ | |
| ३८ | डुंग्री खालिचौर सिचाइ योजना | ब न पा ८ | |
| ३९ | अम्कीचौर थापाथली व्यारेक बनालि हुदै रापक गोठीकाटिआ सडक योजना ब न पा ८ | | |
| ४० | भौतेनी सिचाई आयोजना | | |
| ४१ | ब्यवसायिक बँगुर पालन फर्म निर्माण | ब न पा ९ | |
| ४२ | उखाडी गडखेत झो पु | ब न पा ८ | |
| ४३ | हलेडी झो.पु. | बनपा ७ | |
| ४४ | कुल्लाने गाड झोपु निर्माण | ७ | |
| ४५ | खाडा खिरिडा झो पु | बनपा ७ | |
| ४६ | कुलीमुल झो पु. | बनपा ७ | |
| ४७ | गैरे खेत तट्बन्धन | बनपा ७ | |
| ४८ | दुवाडी झोपु | ब न पा ३ | |
| ४९ | देउबगड झो पु | बनपा ३ | |
| ५० | चिल्ड्रेन पार्क निर्माण | ब न.पा ३ | |
| ५१ | साँस्कृतिक संग्रालय निमार्ण | वडा नं २ | |
| ५२ | सत्यवादी मा वि आवासीय विध्यालय स्थापना | वडा नं २ | |
| ५३ | जिल्ली माथिगाउँ खानेपानी मर्मत | ७ | |

निर्णय नं.४.यस बडीमालिका नगरपालिकाको आ.व. २०७८।०७९ मा विनियोजित योजना तथा कार्यक्रमहरूको बजेटबाट खर्च हुन नसकेको रकमलाई नगर सञ्चित कोषमा जम्मा गरी आगामी आ.व.०७९/८० को लागि आम्दानी बाँध्ने निर्णय गरियो ।

निर्णय नं.५: बडीमालिका नगर कार्यपालिकाको बैठकबाट विभिन्न मितिमा स्वीकृत गरिएका तपसिल बमोजिमका ऐन, नियम, नियमावली, निर्देशिका, कार्यविधि तथा आचार सहिंताहरू अनुमोदन गर्ने निर्णय गरियो ।
तपसिल :
१.बडीमालिका नगरपालिकाको आर्थिक ऐन, २०७९
२.बडीमालिका नगरपालिकाको विनियोजन ऐन,२ ०७९

३. कृषि तथा पशुपंछी ऐन, २०७८
४.बडीमालिका नगरपालिका दुग्ध जन्य बस्तुको उत्पादनमा सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७८
५.आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०७९

निर्णय नं. ६: बडीमालिका नगरपालिकाको साविक बमोजिम स्वीकृत संगठन संरचना, स्वरूप, कर्मचारी दरबन्दी विवरण स्वीकृत गर्दै नगरपालिकाको संगठन विकास योजनाको लागि आवश्यकता थप दरवन्दी स्वीकृत गर्दै अपुग कर्मचारी माग तथा समायोजनका लागि प्रदेश सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ७: नगरपालिका कार्यालय र मातहतका सम्पर्ण कार्यालयहरूमा विभिन्न मिति देखि हालसम्म सेवा करारमा कार्यरत कर्मचारीहरूको कार्य सम्पादनका आधारमा म्याद थप गर्ने वा नगर्ने सम्बन्धमा आवश्यक निर्णय गर्ने अधिकार नगर कार्यपालिकालाई प्रदान गर्ने निर्णय गरियो । साथै यस नगर कार्यपालिकाको कार्यालय, मातहतका वडा कार्यालय, स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्रमा कार्यरत करार सेवाको कर्मचारीहरूको कार्यरत सेवाको पद /तहका आधारमा तलब समायोजन गर्ने अधिकार कार्यपालिकालाई प्रदान गर्ने ।

**निर्णय नं. ८ :** यस नगर सभाबाट कर, दस्तुर, शुल्क तथा अन्य राजश्वको दर कायम गर्न छुट भएको विषयहरूको हकमा आगामी नगर सभाबाट अनुमोदन हुने गरी करको दायरा विस्तार एवम्म् दर निर्धारण गरी लागु गर्ने अधिकार नगरकार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९:** नगर क्षेत्र भित्र व्यवसाय गरी बसेका तर करका दायरामा आवद्ध नभएका सबै करदाताहरूलाई करको दायरामा ल्याउन करदाता सचेतना र करदाता शिक्षा सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने, नगरपालिकाको राजस्व सुधारका लागि एक जना राजस्व विज्ञलाई निश्चित समयको लागि परामर्शदाताका रूपमा नियुक्त गरी राजस्व सुधार योजना कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं.१०:** बडीमालिका नगरपालिका वडा नं. १ स्थित सल्लेना, वडा नं. ७ स्थित ढम्कने र वडा नं.८ स्थित रापकमा शहरी स्वास्थ्य केन्द्र स्थापना तथा भवन निर्माणकालागि स्वास्थ्य मन्त्रालय तथा सामाजिक विकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.११:** नगरपालिकाको कार्य सम्पादनमा स्रिघता एवम् सहजता ल्याउन जिप तथा एम्बुलेन्स खरिदका लागि सम्बन्धित निकायमा बजेट माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२ :** बडीमालिका नगरपालिकाको आ.व.२०७८/७९ को वार्षिक जिन्सी निरीक्षण प्रतिवेदन अनुसार सामानहरूको उचित समयमा मर्मत सम्भार गर्ने र लिलाम बिक्री गर्ने कार्यलाई निरन्तरता प्रदान गर्नुका साथै प्रचलित कानुन बमोजिम सरकारी कागजात धुल्याउने सम्बन्धी कामकारवाही अगाडि बढाउन नगर कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय न. १३ :** नगरको आन्तरीक स्रोत अनुसार नगर शान्ति सुरक्षा व्यवस्थापनका लागि नगर प्रहरी, कार्यालय कामकाजमा सहजताको लागी कार्यालय सहयोगी, खेलकुद तथा साँस्कृतिक नृत्य प्रशिक्षक, विद्यालय नर्स सामुदायिक विद्यालयमा कार्यरत नगर स्वयम् सेवक शिक्षक नगर अनुदान कोटामा मिलान गर्ने, प्रक्रिया पुरा नभएका करार कर्मचारी हटाउने, आवश्यक प्राविधिक करार दरवन्दी थप गर्नुपर्ने भएमा आवश्यक कानुन बनाई कार्यान्वयन एवम् स्वीकृत गर्ने अधिकार नगर कार्यपालिकालाई प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४ :** यस कार्यालयद्वारा आ.व. २०७८/७९ मा नगरपालिकाबाट आवश्यक प्रक्रिया पूरा भई बजेट अभावका कारण भुक्तानी हुन नसकी थप दायित्व सिर्जना भएका आयोजनाहरूको विवरण देहायबमोजिम रहेको छ ।

| स.न | आयोजनाको नाम | सम्झौता बजेट | दायित्व बिनियोजन गर्नुपर्ने बजेट | म्याचिङ बजेट |
|---|---|---|---|---|
| १ | थुवाकाँध झो.पु निर्माण सम्पन्न | | ६०००० | |
| २ | थुवाँकाध झो.पु जोड्ने रेलिङ सहितको बाटो निर्माण | | ५५०००० | |
| ३ | मना सडक निर्माण | | २५००००० | |
| ४ | कैलाशेश्वरी मा.वि मना काम बढि भएको | | १०००००० | |
| ५ | आर्मी व्यारेक देखि भम्की चौर नाली निर्माण | | २५०००० | |
| ६ | १० शैया अस्पताल जग्गा व्यवस्थापन | | १२००००० | |
| ७ | खुलामञ्च निर्माण सोड्सादेवि निर्माण सेवा | १६८३६४८.३५ | १३६७१६१.३५ | |
| ८ | खुलामञ्च देखि चैडिल आर.सि.सि सडक निर्माण | २६३०६८८.९ | १७३१५४१.९ | |
| ९ | ने.रा मा.वि भवन निर्माण डी वि कन्स्ट्रक्सन | ७०६७७९९.१७ | २०१५७२६ | |
| १० | लक्ष्मी मा.वि भवन निर्माण  आर एन निर्माण सेवा | ३६०७८२७.६८ | १७०७२४९ | |
| ११ | चोयाकोट मा.वि भवन निर्माण बेतालमाण्डौ निर्माण सेवा | ९३२७७४९.६८ | ३७५३१४३ | |
| १२ | कालाजग्रा पर्यटकीय पार्क तथा पदमार्ग निर्माण | ४८७६२११६.० | १७०६६१४० | |
| १३ | सुधारिएको चुल्हो खरिद तथा ढुवानी | १३२२५५२० | ६२२५५२० | |
| १४ | मार्तडी बडीमालिका पर्यटकीय सडक निर्माण | Estimate Amount २,२६,५६,९६२ | | ८८८९४५८.८८ |
| १५ | मेलकाँध शहरी स्वा.केन्द्र भवन निर्माण | १०८४८९२.४३ | ५४२४४६ | सामाजिक बिकास मन्त्रालय |
| १६ | जडांगा मना सडक निर्माण ,मर्मत | २८५८००० | ८५७४०० | सडक बोर्ड ३० र ७० प्रतिशत |
| १७ | जडांगा कोर्ध सडक निर्माण मर्मत | १४२९००० | ४२८७०० | सडक बोर्ड ३० र ७० प्रतिशत |
| १८ | खोलाघर सडक मर्मत ब.न.पा ०८ | ७१४५०० | २१४३५० | सडक बोर्ड ३० र ७० प्रतिशत |
| १९ | सँघ सँस्थासँग साझेदार | | १२००००० | |
| २० | मेलकाँधदेखि रजाली सम्म सडक मर्मत ब.न.पा ३ | ४५८८४६.३२ | ४५८८४६.३२ | |
| २१ | खड्कादेखि जिल्लीगाउँ हुँदै छलपुन्ना सडक  ७ | दुई वटा सडक मर्मत एउटै बिल मार्फ बनाएको | १२०००० | |
| २२ | जिल्ली गाउ हुँदे लक्ष्मी मा.वि स्कुल सम्म सडक मर्मत ब.न.पा ७ | | | |
| २३ | बसपार्क माटो फाल्ने कार्य | | ४४६३६४.४६ | |
| २४ | बाजुरा क्याम्पस घेरपर्खाल मर्मत | | २५५१३०.८८ | |
| २५ | खरमुक्त छाना निर्माण (सुरक्षित आवास ) | | ३१८५०० | |
| २६ | गत आ. व. को आन्तरीक श्रोतबाट बनेका कार्यक्रमको भुक्तानी दिन बाँकी | | ३५०००००० | |
| | **जम्मा** | | **७९८०८२१८.९१** | |

माथि उल्लेखितआयोजनहरूको आवश्यकता, औचित्यतां र योजना सम्पन्न प्रतिवेदन मूल्याङ्कन सम्बन्धमा आवश्यक थप पुस्ट्याईका लागि तपशिल बमोजिमको मूल्याङ्कन समिति गठन गरी समितिले भुक्तानी गर्न मनासिव देखेमा यस आ व ०७९/८० मा विनियोजित बजेटबाट  भुक्तानी गरी खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

**तपशिल**

श्री नन्दा कुमारी थापा संयोजक
श्री कृष्ण बहादुर कार्की सदस्य
श्री लक्षी वि क सदस्य
श्री राजेश वि क सदस्य
श्री परे बडुवाल सदस्य
श्री पुष्पराज भट्ट सदस्य
श्री शंकर प्रशाद उपाध्याय सदस्य सचिव

**निर्णय नं. १५** : बडीमालिका नगरपालिकामा प्रचलित कानून बमोजिम गठन भई हालसम्मको अवधिसम्म क्रियाशिल रहेका अनुगमन समिति, बोलपत्र मूल्यांकन समिति, आन्तरिक आय सम्बन्धी सम्बन्धि गठन भएका विभिन्न समिति, खरिद ईकाई समिति, योजना अनुगमन समितिलाई प्रभावकारी बनाउन प्रचलित कानून बमोजिम समिति गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६** : यस कार्यालयको चालु आ.व.२०७९/८० को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा विषयगत शाखाहरूका कार्यक्रम समावेश हुन नसकेको अवस्थामा यसको कार्यान्वयन गर्दा जटिलता आउन सक्ने देखिएकोले विषयगत शाखाको बजेट तथा कार्यक्रम समावेश, थपघट गर्न तथा आवश्यकता अनुसार अन्य कार्यक्रम तथा बजेट समावेश, थपघट गर्नुपर्दा आवश्यकता र औचित्ययताको आधारमा अधिवेशनमा पेश गर्न तथा नगर सभा नबसेको अवस्थामा विषयगत समितिको निर्णय अनुसार नगर सभाले गर्ने कार्य गर्नको लागि नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७ :** विभिन्न मितिमा विभिन्न प्रयोजनका लागि गठन भएका समिति तथा विषयगत समितिले पेश गरेका प्रतिवेदन तथा निर्णयहरू कार्यान्वयनको प्रक्रियामा लैजाने र त्यस्ता प्रतिवेदनलाई अनुमोदनका लागि त्यस पछि बस्ने नगर सभामा पेश गर्ने अधिकार नगरकार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८ :** बडीमालिका नगरपीलिकाको नगर प्रमुखले मिति २०७९।०२।०६गते गरेका निर्णय तथा त्यस यता देखि २०७९।०३।०९ गते सम्म नगरकार्यपालिकाले भए गरेका सम्पूर्ण निर्णयहरूलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९ :** यस नगरसभाले पारित गरेका आर्थिक ऐन, विनियोजन ऐन, विभिन्न दफामा गरेका निर्णयहरू तथा नगर सभामा पेश भई पारित भएका नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा कुनै कार्य विधि बनाउन आवश्यक भएमा त्यस्ता कार्यविधि बनाई लागु गर्न नगर कार्यपालिकालाई स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०:** गैर सरकारी संस्थाहरूबाट यस नगरपालिका क्षेत्र भित्र कार्यान्वयन गर्ने गरी पेश भएका कार्यक्रमहरूलाई पारित गर्ने निर्णय गरियो । साथै नगरपालिका क्षेत्रभित्र कार्यक्रम कार्यान्वयन गर्न छुट भएका अन्य संघसंस्थाहरूका कार्यक्रमहरू पेश भएपछि पारित गरी कार्यान्वयनमा लैजाने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१ :** यस बडीमालिका नगर कार्यपालिकाको सम्पूर्ण वडाहरूमा व्यक्तिगत घटना दर्ता प्रभावकारी रूपमा सञ्चालन गर्न, जनचेतनामुलक कार्यक्रम गर्न र बिद्युतीय प्रणाली मार्फत घटना दर्ता गर्ने सरकारको नीति अनुरूप सम्पूर्ण वडा कार्यालयहरूमा आवश्यक साधन श्रोत तथा उपलब्ध भएसम्म जनशक्तीको व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२** : यस नगरपालिका मार्तडी बजार क्षेत्रबाट उत्सर्जन हुने फोहोरमैला व्यवस्थापन तथा वडा तहमा उत्सर्जन हुने फोहोरमैलाको उचित व्यवस्थापन एवम् स्वच्छ सरसफाईयुक्त नगरको रूपमा विकास गर्न संघ संस्था, टोल विकास संस्था, स्वास्थ्य आमा समूहसँगको सहकार्य गर्ने कार्यलाई अझ बढी प्रभावकारी बनाउने तथा बजार

क्षेत्रको फोहर व्यवस्थापनका लागि दैनिक ज्यालादारीमा आवश्यकता अनुसार कामदार परिचालन गर्ने निर्णय गरिनुका साथै उत्पादन हुने फोहरमैला व्यवस्थापनका लागि ल्याण्डफिल साईड अध्ययन समितिले दिएको प्रतिवेदका आधारमा सम्भावित क्षेत्रमा ल्याण्डफिल साईड निर्माण गर्न प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी बिस्तृत अध्ययन गराउने निर्णय गरियो ।

**निर्णय नं. २३** : बडीमालिका नगरपालिका नगर कार्यपालिकाको मिति २०७९ असार ७ गते बसेको बैठकले प्रस्ताव गरेका विभिन्न विषयगत समितिहरू अनुमोदन गर्नुका साथै तपशिल बमोजिमको न्यायिक समिति गठन गर्ने निर्णय गरिनुका साथै एकै व्यक्ती तीन वटा भन्दा बढी ठाउँमा भएको खण्डमा जिम्मेवारी हेरफेर गरी परिमार्जन गर्न कार्यपालिकालाई जिम्मेवारी दिने निर्णय गरियो ।

**तपशिल**

१) नगर उप प्रमुख श्री नन्दा कुमारी थापा — संयोजक
२) २ नं. वडा अध्यक्ष श्री डम्बर बहादुर महत — सदस्य
३) कार्यपालिका सदस्य श्री तुलसी गिरी नाथ — सदस्य

**निर्णय नं. २४**: नेपाल सरकारको नीति बमोजिम बडीमालिका नगरपालिकालाई वालमैत्री वनाउन नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट जारी गरिएको बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति,र बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि,तथा बालमैत्री स्थानीय निकाय घोषणा कार्यविधिमा व्यवस्था भए बमोजिमका न्यूनतम वटा सूचकलाई आधार मानी यस नगरपालिकालाई वालमैत्री नगरपालिका घोषणाका लागि आवश्यक तयारी गर्नुको साथै वाल श्रम नगरपालिका घोषणा गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५:** आ.व.२०७८/७९ मा यस नगरपालिकालाई सम्पुरक तथा सशर्त अनुदानबाट प्राप्त विभिन्न योजनाको बजेट अपुग भएकाले थप बजेटको व्यवस्थाका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्राललय लगायत सम्बन्धित संघ तथा प्रदेश मन्त्रालयमा अनुरोध गर्ने निणर्य गरियो ।

**निर्णय नं. २६** : बडीमालिका नगरपालिका को ११ औं नगरसभाबाट निर्णय हुन नसकेका वा निर्णय हुन छुट भएका वा आवश्यक पर्ने थप निर्णय गर्नु परेमा कार्यपालिकाबाट निर्णय गराई अर्को नगरसभामा अनुमोदन हुने गरी लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७ :** यस नगरपालिकाका प्रत्येक वडाहरूलाई चालु आ.व.२०७९/८० को वडा स्तरिय बजेटबाट सञ्चालन तथा कार्यान्वयन हुने आयोजना तथा कार्यक्रम छनौट भई यस कार्यालयमा सिफारिस भएका तपसिल बमोजिमका वडाहरूका तपसिल बमोजिमका आयोजना तथा कार्यक्रमहरू पेश भएकोले योजना बैंकका रूपमा तपशिलका योजनाहरू स्वीकृत गरी प्राथमिकीकरणका आधारमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

**तपशिलः**

| क्र.स | योजनाको नाम | प्रस्तावीत बजेट |
|---|---|---|
| | **वडा नं. १** | १८ लाख |
| | **क्रमागत** | |
| १ | तिपाडा पाटा सडक | |
| २ | पिनालेख वडा कार्यालय देखि बाँयाकाटिया सडक | |
| ३ | सल्लेना तिपाडा सडक | |
| ४ | सल्लेखोलादेखि कैलाशमाण्डौ सम्म सडक | |
| ५ | भौनेरा बुढाखोला सडक मर्मत | |

| | | |
|---|---|---|
| ६ | पिनालेक हुदै दुनालेक जाल्पादेविमन्दिर जाने बाटो निर्माण | |
| ७ | द्धवारे देखि बाँझ्या खेतीसिचाई | |
| ८ | मष्टामाण्डौ नुवाकोट सिचाई | |
| ९ | त्रिभुवनआ.वि ४ कोठे भवनझ्याल ढोका निर्माण , प्लाष्टर तथा रंगरोगन | |
| १० | घटालेश्वरी आ.वि २ कोठे भवनझ्याल ढोका निर्माण , प्लाष्टर तथा रंगरोगन | |
| | नयाँ योजना | |
| १ | दलित बस्ती खानेपानी निर्माण | |
| २ | राँजा खानेपानी | |
| ३ | तल्लाओदालदेखि सल्लेना काँधसम्म गोरेटो बाटो | |
| ४ | बेलाकोट टोल १० घन मिटर खानेपानी ट्याडकी | |
| ५ | कुलिमूल देखि घटालमाण्डौसम्म सिचाई कुलो | |
| ६ | घटालमाण्डौ मन्दिर निर्माण | |
| ७ | ओदाल्ना सिचाई पोखरी निर्माण | |
| | **वडा नं २** | २४ लाख |
| १ | कोलगैरामाईथान दलित बस्ती सडक | |
| २ | देनजुगाडा पिप्से सडक | |
| ३ | भौनेरा माझिगाउ घागर सडक | |
| ४ | दगडे ठेकबाडा ढल निकास | |
| ५ | भलायामोरा सिचाई कुलो निर्माण | |
| ६ | जाल्पादेविमन्दिर घेरवार निर्माण | |
| ७ | डुङ्गे कैलाशमन्दिर घेरवार निर्माण | |
| | **वडा नं ३** | २३ लाख |
| १ | बैढुंगा चौराटा सिचाई कुलो निर्माण | |
| २ | तिर्थखोला सेरगाउसिचाई कुलो निर्माण | |
| ३ | तिथखोला खल्पुडा सिचाईकुलो निर्माण | |
| ४ | ठाँटिकाँध सल्लेरी ढल निकास | |
| ५ | घोगालीगाउ ढल निकास | |
| ६ | चोयाकोट मा.वि ४ कोठे भवनझ्याल ढोका निर्माण , प्लाष्टर तथा रंगरोगन | |
| ७ | खातिभिटा आ.वि २ कोठे भवनझ्याल ढोका निर्माण , प्लाष्टर तथा रंगरोगन | |
| ८ | भिडाबाडी रावलबाडा पिपलगाउ खड्का टोल सडक | |
| | चोयाको मा.विभवनमा रेलिङ निर्माण | |
| | **नयाँ योजना** | |
| १ | घोगाली खड्काबाडा सडक | |

| | | |
|---|---|---|
| २ | रजालीअम्लिस सडक | |
| ३ | खल्पुडा सामुदायिकभवनमर्मत तथा फिल्ड निर्माण | |
| ४ | चोयाकोट मावि चिल्ड्रेन पार्क निर्माण | |
| ५ | रजाली तरकारी संकलन केन्द्र निर्माण | |
| ६ | सामुदायिकभवन घोगालीतलाथप्ने तथामर्मत | |
| ७ | बहुउद्देश्यीय नर्सनी निर्माण | |
| ८ | मेलको रूखमा नास्पाती कलमी कार्यक्रम | |
| | **वडा नं. ४** | १६ लाख |
| १ | रिला सडक | |
| २ | बाडीखेत चिनेचौर सिचाइकुलो निर्माण | |
| ३ | उखेडाबाडा बुढा बाडा खा.पनिर्माण | |
| ४ | सेतापहिरा तट्बन्धन | |
| ५ | ओलेना सिचाईकुलो निर्माण | |
| ६ | तिपाडा तट्बन्धन | |
| | **नयाँ योजना** | |
| १ | बाडीखेत चिनेचौर सिचाई कुलो निर्माण | |
| २ | दहडाँड तिमिल्याओलीघर खानेपानी | |
| | **वडा नं. ५** | २३ लाख |
| १ | मना बृहतसिचाई कुलो निर्माण | |
| २ | कैलाशेस्वरी मा.विप्याराफिट वालनिर्माण | |
| ३ | जडांगा मनाअन्तरपालिका सडक | |
| ४ | दोगाडे पानीनाउलासिचाई कुलो निर्माण | |
| ५ | घट्टेखोला तट्बन्धननिर्माण | |
| | नयाँ योजना | |
| १) | मना बृहतखानेपानीआयोजना | |
| २ | कुलीमूलसिचाई | |
| ३ | कैलाश्यवरी मावि फिल्ड निर्माण | |
| | **वडा नं. ६** | २४ लाख |
| १ | जडाँगा कोर्ध हूदै बढाकोर्ध सडक | |
| २ | बिरेखोलाझरना व्यवस्थापन योजना | |
| ३ | जडाँगा ठाडागडा तड्बन्धन | |
| ३ | गौतम आधारभुतबिधलयभवन ३ कोठे | |
| ४ | गगनखोलासिचाई पानी टंकी | |
| ५ | बुढाकोर्ध छेडे चम्लीयाखानेपानी | |
| ६ | दुधेपानीबिस्यापि.सि.सि नहर निर्माण | |

| | | |
|---|---|---|
| ७ | लिसाउत्तिसाखानेपानीनिर्माण | |
| ८ | कोर्ध शहरी स्वा.चौकीनिर्माण | |
| ९ | पानीनाउला बाटो निर्माण | |
| १० | कोर्ध धामीबाडा खेल मैदाननिर्माण | |
| ११ | मस्टामाण्डौ मन्दिर | |
| १२ | कैलाशमाडौ मन्दिर | |
| १३ | धलपुरीमाणु मन्दिर | |
| **वडा नं. ७** | | २४ लाख |
| **क्रमागत** | | |
| १ | जाल्पा देविमन्दिर निर्माण जिल्ली | |
| २ | मष्टामाण्डौ मन्दिर निर्माण जिल्ली | |
| ३ | चुथी सुनकाना पोखरा सडक | |
| ४ | जिल्ली माउलेक सिराडी सडक | |
| ५ | घटाल मन्दिर पोखरा सुनकाना | |
| ६ | गोपु खेत सिचाई कुलो | |
| **नयाँ योजनाहरू** | | |
| १ | ढम्कने ढल स्याल्याप तथा बाटो सोलीग | |
| २ | रजातोली ढल निकास | |
| ३ | सुनकाना खानेपानी निर्माण | |
| ४ | सिराडी बाटो निर्माण | |
| ५ | माउलेख खानेपानी | |
| ६ | केलरूख तलगाउँ तड्बन्धन | |
| ७ | सैनेणीखेत तड्बन्धनजिल्ली | |
| ८ | सेरसिंह गुम्बा रंगरोगनतथा पेन्टीङ | |
| **वडा नं. ८** | | २४ लाख |
| १ | झराउले रतुडा सडक | |
| २ | मार्तडी डुग्री झाल्लया गड्पाँगर हूदै चुथीजोड्ने सडक | |
| ३ | मार्तडी फुलचढाउना बडीमालिका पर्यटकिय सडक | |
| ४ | मार्तडी बुढाकोर्ध सडक | |
| ५ | डि.आर.मष्ट देखि चौखुन्डी डिलसम्म सडक | |
| ६ | माहालक्ष्मी बैंक देखि मालिका स्कुल हुदै नहर जोड्ने सडक | |
| ७ | आर.सि मेडिकल देखि कैलाशबजार हुदै गौडा डिल सम्म सडक | |
| ८ | देउलेडी बृहतखा.पा.योजना | |
| ९ | मालिका स्कुल गेट देखी हिलटप सम्म ढल सहितको सडक निर्माण | |
| १० | रापक शहरी स्वास्थ्य चौकी भवन निर्माण | |

| | | |
|---|---|---|
| **नयाँ योजना** | | |
| १ | बालमन्दिर घेरवार | |
| २ | खोल्ले काफल देखि डाँडा सम्मपिसीसी | |
| ३ | बाजुरा क्याम्पस देखि खोलाघर नहर सम्म ढल निकास | |
| ४ | थुवाकाँदगोठीकाटिउ सडक | |
| ५ | रापकशहरी स्वास्थ्यचौकी भवन | |
| ६ | देउराली वृहत खानेपानी सतुडा | |
| ७ | खलाडिल खापा | |
| ८ | मेनरोड देखि कोठेरा सम्म सडक | |
| | **वडा नं. ९** | २४ लाख |
| १ | खापरदेव मन्दिर निर्माण सनाई टोल | |
| २ | गर्जेनीखोला देखि नडेनी सम्मसिचाई कुलो | |
| ३ | गोगनखोलाबयल डाडा तल्ला मछाईना खा.पाचौराटा | |
| ४ | मष्टामाण्डौ मन्दिर निर्माण चौराटा | |
| ५ | ठूलीसाँघु मछाईना चौराटा सडक | |
| ६ | विनोद स्मृतीप्रतिक्षालय | |
| ७ | झाल्या नाकाडाडा खापा | |
| ८ | मष्टेश्वरी आवि फिल्ड निर्माण | |
| ९ | गैरी बजार देखि बाउली सम्म सडक निर्माण | |
| १० | खापरदेव मन्दिर निर्माण | |
| ११ | भेरालमाण्डौ मन्दिर निर्माण तल्लाबाडा थापाबाडा | |
| १२ | गुनीभिड खापानिर्माण | |
| १३ | बधशाला निर्माण हाटबजार | |
| | **नगर स्तरीय योजना** | |
| १ | मार्तडी बजार एरिया सडक बत्ती जडान कार्य | |
| २ | उपभोक्ता समितिलाई तालिम | |
| ३ | प्राविधिक उपकरण खरिद तथा तालिम | |
| ४ | मदन आश्रित पुस्तकालय मर्मत सम्भार | |

**निर्णय नं. २८** : यस नगरपालिकाक्षेत्रमा पर्ने बुढीगंगा नदी आसपास आएको बाढीले मिति २०७७ साल श्रावण २५ गते क्षेति हुनगई प्रभावित परिवारका लागि शुरक्षित आवास निर्माण गर्न सुचिकृत भएका परिवारलाई आवास निर्माण कार्य तत्काल गर्न पहल तथा मनसुन जन्य विपतबाट प्रभावित परिवारलाई जिविकोपार्जनका लागि कार्यक्रम गर्न संघिय सरकार, प्रदेश सरकार तथा अन्य सामाजिक संस्था संग अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २९** : यस नगरपालिकाको ११ औं नगर सभा बैठकमा उपस्थित भई उल्लेखनीय सहयोग गर्नु हुने नगर उप-प्रमुखज्यू, वडा अध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्युहरू, पत्रकार, विभिन्न समितिका संयोजक तथा सदस्यज्यूहरू, विभिन्न कार्यालयका प्रमुखज्यूहरू संघसंस्था तथा अन्य निकायबाट पाल्नु भएका महानुभावलाई विशेष

आभार व्यक्त गर्दै धन्यवाद दिनुका साथै नगर सभा सम्पन्न गर्न आवश्यक कार्यमा खटिई सहयोग गनुहुने प्रमुख प्रशासकीय अधिकृत ज्यू लगायत सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद दिने निर्णय गरियो ।